स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८२/८३ गण्डकी प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२९)

प्रस्तुत विषयमा वैदेशिक रोजगारको कार्यलाई सुरक्षित, मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उद्देश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच सहित मनोसामाजिक परामर्श सेवा सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि तपसिल बमोजिमको जनशक्ति करारमा लिनुपर्ने भएको हुँदा निम्न योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले आवश्यक शैक्षिक योग्यताहरुको १/१ प्रति प्रतिलिपि संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१-०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ) | १ | |
| २ | ०२-०८२/८३ | रिटर्नी स्वयंसेवक | १ | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

- मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ):
  - ✓ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
  - ✓ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको।
- रिटर्नी स्वयंसेवकः
  - ✓ न्यूनतम् कक्षा ८ उत्तीर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक/मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।
  - ✓ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ।

२. कम्प्युटर सम्बन्धी आधारभूत अनुभव, (Word, Excel, PowerPoint, Email/Internet आदि भएको) र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्नेलाई विशेष प्राथमिकता दिइनेछ।

३. आवश्यक कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्यानुभवको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो १ प्रति,

४. उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

५. सेवा अवधिः करार सम्झौतानुसार

६. छनौटको किसिमः संक्षिप्त सूचि र अन्तर्वार्ता

७. दरखास्त दस्तुरः मनोसामाजिक परामर्शकर्ताको लागि रु.७००।- र रिटर्नी स्वयंसेवक लागि रु.५००।-

८. दरखास्त दिने स्थानः कालीगण्डकी गाउँपालिकाको कार्यालय, विर्घा, स्याङ्जा

९. दरखास्त दिने अन्तिम मितिः २०८२/०५/१२ गते कार्यालय समयभित्र।

२०८२/४/२९
पशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत